☎ फोन नं.: 9855048897
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, बारा

(कार्यक्षेत्र: बारा र पर्सा)

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**तेश्रो पटक सूचना प्रकाशित मिति : २०८३/०२/२७**

चालु आ.व. २०८२।८३ को स्वीकृत बार्षिक कार्यक्रमका लागि यस एकाइको कार्यक्षेत्र रहेका जिल्लाहरु बारामा संचालित जोन क्षेत्रभित्रका निर्धारित बालीवस्तुको तपसिलका कार्यक्रममा सहकार्य गरी कार्यक्रम संचालन गर्न इच्छुक सूचिकृत समूह/सहकारी संस्था/जल वा वन उपभोक्ता समिति/कृषि बजार व्यवस्थापन समिति/कृषि फर्म/कम्पनी/स्थानीय तहहरुले मिति २०८३/०३/०२ गते (७ दिन) भित्र आफूले संचालन गर्न चाहेको कार्यक्रमका लागि आवश्यक कागजात सहित आवेदन/प्रस्ताव पेश गर्नु हुन अनुरोध छ साथै रित नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु सामावेश गरिने छैन् । थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ बारामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल :

| क.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | बार्षिक लक्ष्य | स्वीकृत बजेट (रु.लाखमा) | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राइपेनिङ च्याम्बर निर्माण सहयोग | संख्या | १ | १०. | ५० प्रतिशत सम्म अनुदान | |

**जोन/सुपरजोनमा कायम रहेका स्थानीय तह र वडाहरु क्षेत्र :**

| जिल्ला | जोन/सुपरजोन | कार्यक्रम संचालन हुने कार्यक्षेत्र |
|---|---|---|
| बारा | केरा जोन | निजगढ न.पा. र जितपुरसिमरा उप.महा.न.पा. । |

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. रु १० को टिकट सहितको अनुसूचि १० अनुसारको निवेदक फारम।
२. कृषि संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण भएको) र प्यान नम्बरको प्रतिलिपि ।
३. आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. कार्य समितिको निर्णयको प्रतिलिपि (समुह सहकारी समितिको हकमा) ।
५. कृषि संस्थाको अध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
६. सार्वजानिक निर्माण सँग सम्बन्धित कार्यक्रम संचालन गर्न सम्बन्धित कृषि संस्थाको जग्गा जमिनको स्वामित्व रहेको कागजात र अन्य कार्यक्रम संचालनको लागि जग्गा जमिन स्वामित्व रहेको कागजात वा भाडाको जग्गाको हकमा कम्तिमा दश बर्षको सम्झौता पत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।
७ अन्य निकायबाट सोही प्रकृतिको कामबाट लाभान्वित नभएको र दोहोरो अनुदान नलिएको प्रतिवद्धता पत्र पेश गर्ने ।
८ भौतिक संरचना, बजार सेड निर्माण, पसल व्यवसाय संचालनको हकमा सम्बन्धित स्थानीयतहको सिफारिस, ट्रेश नक्शा कार्यक्रम संचालन गरिने सम्बन्धित कित्ताको साध सधियारको स्थलगत मुचुल्का प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
९ यस कार्यक्रमबाट विगतमा कुनै सहयोग प्राप्त नगर्ने प्रस्तावकहरुलाई प्राथमिकता प्रदान गरिनेछ ।
१० बढि लागत साझेदारी जुटाउने र स्थानीय तह वा अन्य साझेदार निकायसँगको सहकार्यमा संचालन गरिने प्रस्तावहरुलाई प्राथमिकता प्रदान गरिनेछ ।
११ रित पूर्वक तयार गरिएका प्रस्तावहरु कार्यक्रम कार्यान्वयन एकाइ बारा र जोन प्राविधिक एकाइ पर्सामा सम्बन्धित शाखा (जोन/सुपरजोन फाँट) मा बुझाउन सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन/छनौट प्रक्रियामा समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।
१२. स्थानिय निकायको सम्बन्धित वडाको वा कृषि पशु सेवा शाखाको सिफारिस पत्र ।
१३ कार्यालयले माँग गरेको अन्य कागजातहरु कार्यालयको नियमानुसार हुनेछ ।

नोट : यस सम्बन्धी थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ बारामा सम्पर्क राख्नु हुन अनुरोध छ । केरा जोन बारा तर्फ सम्पर्क नं ९८५५०४८८९७, र सूचना अधिकारीको नं ९८५५०४८८९७ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

..............................
बरिष्ठ कृषि अधिकृत